**आकाशवाणी समाचार- नेपाली**

मितिः १० अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदी आज बेंगलुरुमा **के.एस.आर. रेलवे स्टेशन बाट** तीन वंदे भारत एक्सप्रेस रेलगाडीहरुलाई झंडी देखाएर प्रस्थान गराउनु हुनेछ।
- निर्वाचन आयोगले भनेको छ कि आयोगले देशको विभिन्न राज्यहरु अनि केंद्र शासित प्रदेशहरुको 334 पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरुलाई सूची बाट हटाईएको छ।
- भारतले अमरीका अनि रूस बीच 15 अगस्तको दिन अलास्कामा हुने बैठकको स्वागत गरेको छ।
- लगभग पांच महीना **अंतरराष्ट्रीय अंतरिक्ष स्टेशन- आईएसएस** मा बिताए पछि चार अंतरिक्ष यात्री पृथ्वीमा सुरक्षित फर्किएका छन्।
- आज विश्व बाघ दिवस हो।
- **मौसम विभाग ले आगामी ७ दिनमा उत्तराखण्ड अनि हिमाचल प्रदेशमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।**

**प्रधानमंत्री कर्नाटक**

प्रधानमंत्री नरेंद्र मोदी आज कर्नाटकको एक दिने भ्रमणमा रहनुहुनेछ। श्री मोदीले बेंगलुरुमा **के.एस.आर. रेलवे स्टेशन बाट** तीन वंदे भारत एक्सप्रेस रेलगाडीहरुलाई झंडी देखाएर प्रस्थान गराउनु हुनेछ जसमा बेंगलुरु देखि बेलगावी, अमृतसर देखि श्री माता वैष्णो देवी कटरा अनि नागपुर (अजनी) देखि पुणे जाने रेल गाडीहरु सामेल छन्।त्येस पछि प्रधानमंत्रीले बेंगलुरु मेट्रोको येलो लाइनलाई झंडी देखाएर प्रस्थान गराउनुहुनेछ। श्री मोदीले आर. वी. रोड, रागीगुड्डा देखि इलेक्ट्रॉनिक सिटी मेट्रो स्टेशन सम्म मेट्रोमा यात्रा पनि गर्नुहुनेछ। उहाको बेंगलुरुमा शहरी संपर्क परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गरे पछि एक जनसभालाई संबोधित गर्ने पनि कार्यक्रम छ। यस अवधि श्री मोदीले 15 हजार 6 सय 10 करोड़ रुपियाँ भन्दा अधिकको लागत रहेको बेंगलुरु मेट्रोको तस्रो चरणको परियोजनाको आधारशिला राख्नुहनेछ। यस परियोजनाको कुल लंबाई 44 किलोमीटर भन्दा अधिक हुनेछ अनि यसमा 31 एलिवेटेड स्टेशनहरु हुनेछन्।

**निर्वाचन आयोग- गैर-मान्यता प्राप्त राजनीति दल**

निर्वाचन आयोगले भनेको छ कि आयोगले देशको विभिन्न राज्यहरु अनि केंद्र शासित प्रदेशहरुको 334 पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दलहरुलाई सूची बाट हटाईएको छ। यी दलहरु बर्ष 2019 देखि 6 बर्षहरु सम्म एउतै पनि चुनाव लड़ने अनिवार्य शर्त पुरा गर्नमा विफल रहेका छन्। यी दलहरुको कार्यालयहरु बारे पनि कुनै पत्तो छैन। देशको राष्ट्रीय राजनीतिक दल, स्थानीय राजनीतिक दल अनि पंजीकृत गैर-मान्यता प्राप्त राजनीतिक दल, जनप्रतिनिधित्व अधिनियमको प्रावधानहरु अन्तर्गत निर्वाचन आयोगमा पंजीकृत छन्।

**भारत-अमरीका रूस**

भारतले अमरीका अनि रूस बीच 15 अगस्तको दिन अलास्कामा हुने बैठकको स्वागत गरेको छ। विदेश मंत्रालयले एक बयानमा भनेको छ कि यो बैठक रूस अनि यूक्रेन बीच जारी संघर्षलाई समाप्त गर्न अनि शांति स्थापित गर्ने दिशामा महत्वपूर्ण कदम हो। प्रधानमंत्री मोदीले धेरै चोटि भन्नुभएको छ कि यो युद्धको युग होइन र यसैले भारत दुवै देश बीच हुने बैठक अनि शांति प्रयासहरुको समर्थन गर्दछ भनि बयानमा भनिएको छ।

**ईडी - वाड्रा**

दिल्लीको विशेष पीएमएलए अदालतले प्रवर्तन निदेशालय - ईडी को शिकायत माथि संज्ञान लिंदै गुरुग्राममा विवादित जमीन सौदाको मामलामा कांग्रेस सांसद प्रियंका गांधी वाड्राका पति अनि व्यवसायी रॉबर्ट वाड्रालाई नोटिस जारी गरेर 28

अगस्तमा जवाब मागेको छ। प्रवर्तन निदेशालयले विशेष अदालतलाई भनेको छ कि मनी लॉड्रिंगको एक मामलामा वाड्रालाई 58 करोड़ रुपियाँ प्राप्त भएको छ। ईडी ले वाड्रा अनि अन्य बिरुद्ध आफ्नो आरोपपत्रमा भनेको छ कि 53 करोड़ रुपियाँ स्काईलाइट हॉस्पिटैलिटीको माध्यमबाट अनि 5 करोड़ रुपियाँ ब्लू ब्रीज़ ट्रेडिंगको माध्यमबाट पठाईएको छ। ईडी ले आफ्नो शिकायतमा भनेको छ कि वाड्राले यस राशीको प्रयोग अचल संपत्तिहरु प्राप्त गर्न , निवेश गर्न , ऋण दिन अनि आफ्नो विभिन्न समूह कंपनिहरुलाई लाभ पुर्याउनको निम्ति गरेका छन्। ईडी ले अदालतलाई भनेको छ जाँचमा 43 अचल संपत्तिहरुको अस्थायी कुर्की गरिएको छ जसको कुल कीमत 38 करोड़ 69 लाख रुपियाँ रहेको छ। ईडी ले पीएमएलए को धारा 4 अन्तर्गत आरोपिहरुको लागि अधिकतम सात बर्षको जेल अनि संपत्ति जफत गर्ने मांग गरेको छ। जांच एजेंसीले भनेको छ कि अपराधको प्रत्यक्ष आयको रूपमा चिन्हित गरिएको संपत्तिहरुमा राजस्थानको बीकानेरमा जमीन, गुरुग्रामको गुड अर्थ सिटी सेंटरमा इकाइहरु , मोहालीको बेस्टेक बिजनेस टावरमा इकाइहरु अनि अहमदाबादको जय अम्बे टाउनशिपमा आवासीय इकाइहरु सामेल छन्।

**अंतरिक्ष यात्री-वापसी**

लगभग पांच महीना **अंतरराष्ट्रीय अंतरिक्ष स्टेशन- आईएसएस** मा बिताए पछि चार अंतरिक्ष यात्री पृथ्वीमा सुरक्षित फर्किएका छन्। स्पेसएक्स को ड्रैगन अंतरिक्ष यानले अंतरिक्ष यात्रिहरुलाई लिएर कैलिफोर्नियाको सैन डिएगो तटमा उत्रिए।

नासा का ऐनी मैकक्लेन अनि निकोल एयर्स, जापानका टाकुया ओनिशी तथा रूसका किरिल पेस्कोवलाई लिएर अंतरिक्ष यानले गत शुक्रवार अंतरिक्ष स्टेशनबाट प्रस्थान गरेको थियो। अंतरिक्षमा आफ्नो प्रवासको अवधि अंतरिक्ष यात्रिहरुले अंतरिक्षको कारण हुने मानसिक अनि शारीरिक परिवर्तनहरु , मस्तिष्कदेखि हृदय सम्म रक्त प्रवाह, भविष्यको चंद्र नेविगेशन तकनीकहरु अनि अन्य विषयहरुको अध्ययन गरे।

**गुजरात-शेर दिवस**

आज विश्व बाघ दिवस हो। गुजरात, एशियाई बाघहरुको संरक्षणमा एक महत्वपूर्ण स्थलको रूपमा प्रसिद्ध छ। पोरबंदर नजिक बरदा वन्य जीव अभ्यारण्य पारिस्थितिकी अनि बाघहरुको विकासको दिशामा प्रगति गरिरहेको छ। गुजरातमा यसै बर्ष बाघहरुको गणना गरिएको थियो जसमा पत्तो लागेको छ कि राज्यमा 891 बाघहरु छन् अनि वर्धा अभ्यारण्य बघ्हरुको संरक्षणमा गिर अभ्यारण्य भन्दा अघि रहेको छ।

**बांग्लादेश-संसदीय चुनाव**

बांग्लादेशका मुख्य चुनाव आयुक्त एएमएम नासिर उद्दीनले भन्नुभएको छ कि 13ओ जातीय संसदको आगामी चुनाव आगामी बर्षको फरवरी महिनामा हुनेछ। उहाले भन्नुभयो – चुनावको दुई महिना पुर्ब यसै वर्षको दिसंबर महिनाको प्रारम्भमा कार्यक्रमको घोषणा गरिने सम्भावना छ। मुख्य चुनाव आयुक्तले भन्नुभएको छ कि आयोगले स्वतंत्र अनि निष्पक्ष चुनाव सुनिश्चित गर्नको लागि संभागीय अनि स्थानीय चुनाव अधिकारिहरु सित सक्रिय रूपले समन्वय गरिरहेको छ। उहाले मान्नुभएको छ कि चुनावी प्रक्रियामा जनताको विश्वास कम्ति भएको छ अनि उत्साहपूर्ण मतदान एउटा ठुलो चुनौती बनेको छ। श्री नासिर उद्दीनले भन्नुभयो कि व्यवस्थामा विश्वास स्थापित गर्नु अनि मानिसहरुलाई मतदान केन्द्रहरु सम्म ल्याउनु एउटा ठुलो काम हो।

**मथुरा मन्दिर-सर्वोच्च अदालत समिति**

सर्वोच्च अदालतले उत्तर प्रदेशको वृन्दावनमा रहेको बाँके बिहारी मन्दिरको दैनिक कामकाज र सुपरिवेक्षण हेर्न इलाहाबाद उच्च अदालतका पूर्व न्यायाधीश अशोक कुमारको नेतृत्वमा एक उच्च अधिकार सम्पन्न समिति गठन गरेको छ।उत्तर प्रदेश श्री बाँके बिहारी जी मन्दिर ट्रस्ट अध्यादेश, २०२५ अन्तर्गत गठित समितिको सञ्चालनलाई निलम्बन गर्दै सर्वोच्च अदालतले समिति गठन गरेको हो। सर्वोच्च अदालतले अध्यादेशको संवैधानिक वैधतालाई चुनौती दिने मुद्दा इलाहाबाद उच्च अदालतमा पठाएको छ। सर्वोच्च अदालतले उच्च अदालतले मुद्दाको निर्णय नगरेसम्म सर्वोच्च अदालतले मन्दिरको जिम्मा लिनेछ। न्यायाधीश सूर्य कान्त र जयमाल्या बागचीको इजलासले अध्यादेशलाई चुनौती दिने धेरै रिट याचिकाहरूमा आदेश दिएको छ। इजलासले रिट निवेदन दायर भएको मितिबाट एक वर्ष भित्र अध्यादेशको संवैधानिक वैधतामाथि निर्णय गर्न

इलाहाबाद उच्च अदालतलाई पनि अनुरोध गरेको छ।

**मौसम**

मौसम विभाग (IMD) ले आगामी ७ दिनमा उत्तराखण्ड र हिमाचल प्रदेशमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागले आगामी ६-७ दिनमा पश्चिम बंगालको निम्न हिमालय अंचल , आसाम, सिक्किम, बिहार, मेघालय र अरुणाचल प्रदेशमा पनि यस्तै अवस्था रहने पूर्वानुमान गरेको छ। मौसम विभागका अनुसार, आज तटीय आन्ध्रप्रदेश, हरियाणा, चण्डीगढ, दिल्ली, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, पञ्जाब, तमिलनाडु, पुडुचेरी, कराइकल, ते लंगाना, उत्तर प्रदेश र पश्चिम मध्य प्रदेशमा भारी वर्षा हुने अनुमान गरिएको छ।

## फुटबॉल-डूरंड कप

**मोहन बागान सुपरजाइंट्स** 134ओ डूरंड कप फुटबॉल टूर्नामेंटको क्वार्टर फाइनलमा प्रवेशगरेको छ । ग्रुप बी को अन्तिम लीग म्याचमा **मोहन बागानले हिज डायमंड हार्बर एफसी लाई** 1 को बिरुद्ध 5 गोलले पराजित गरेर ग्रुपमा शीर्ष स्थान प्राप्त गरेको छ । मोहन बागानको लागि अनिरुद्ध थापा, जेमी मैकलारेन, लिस्टन कोलासो, सहल अब्दुल समद अनि जेसन कमिंग्सले गोल गरे , जबकि डायमंड हार्बर एफसी को लागि लुका माजसेनले एकमात्र गोल गरे ।